म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३०३ २०८१ असोज १० गते बिहीबार 26 September 2024, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-




# बागमतीका ५ निकायमा सचिव रिक्त, निमित्तको भरमा मन्त्रालय

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकार अन्तर्गतको ५ निकायमा सचिव स्तरको पद रिक्त रहेको छ। कर्मचारी व्यवस्थापनमा प्रदेश सरकारले उचित ध्यान दिन नसक्दा सचिवहरु सरुवा भएर गए पनि आउन सकेका छैनन् ।

प्रदेश सरकार अन्तर्गतका ५ निकायमा संघीय सरकारले सचिव नपठाउँदा केही निमित्तको भरमा चलेको छ भने केहीले दोहोरो जिम्मेवारीमा कामकाज चलाइरहेका छन्। प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सचिव रिक्त रहेको छ भने प्रदेशको महत्वपूर्ण संरचना लोकसेवा आयोगको सचिवसमेत तोक्न सकिएको छैन ।

प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयमा सचिव नियुक्ति हुन सकेको छैन । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखा सचिवविहिन भएको २ महिना हुन लागेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको शासकीय सुधार महाशाखाको सचिव हुमकला पाण्डे संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरुवा भएपछि अर्को सचिव तोकिएको छैन । पाण्डेको २०८१ साउन ३२ मा सरुवा भएको थियो। उहाँको सरुवा भएको २ महिना हुन लागे पनि नयाँ सचिव खटाउन सकिएको छैन ।

सचिव पाण्डे सरुवा भएसँगै रमाना बुझेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय हाजिर भइसक्नु भएको छ भने सोही दिन प्रदेश सरकार अन्तर्गतको लोकसेवा आयोग, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, प्रदेश नीति तथा योजना आयोगको सचिवको पनि सरुवा भएको थियो । जसमध्ये संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव हरिशरण पुडासैनी संघीय अर्थ मन्त्रालयमा, प्रदेश लोकसेवा आयोगकी सचिव नीता पोखरेलको निर्वाचन आयोगमा र प्रदेश नीति तथा योजना आयोगका सचिव ज्ञानप्रसाद ढकालको रक्षा मन्त्रालयमा सरुवा भएको थियो। उहाँहरुमध्ये लोकसेवा आयोगकी सचिव पोखरेलले रमाना बुझ्नुभएको छैन भने अन्य सबैले सरुवा भएसँगै रमाना लिएर सम्बन्धित निकायमा हाजिर भइसक्नुभएको छ ।

लोकसेवा अयोग अध्यक्षविहिन समेत रहेकाले सचिव पोखरेलले रमाना नबुझ्नुभएको हो । अध्यक्ष नभएकाले आफूले सरुवा भए पनि रमाना नबुझेको उहाँले बताउनुभयो । आयोगको कामकाजमा समस्या हुने भएकाले सरुवा भए पनि जिम्मेवारीमा रहेर काम गर्दै आएको उहाँले बताउनुभयो ।

यता बागमती प्रदेशका प्रमुख सचिवको जिम्मेवारीमा रहनुभएका गोविन्दबहादुर कार्कीसमेत ५ महिनामा नै सरुवा लिएर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय जानुभएको छ । गत बैशाख १० मा निमित्त प्रमुख सचिवको जिम्मेवारीमा आउनुभएका कार्की भदौ २८ मा सरुवा लिएर संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय जानुभएको हो । उहाँको सरुवासँगै बागमतीको प्रमुख सचिवको जिम्मेवारी हरिप्रसाद लम्साललाई तोकिएको थियो । तर, उहाँ पनि केही दिन ढिला गरी हाजिर हुनुभयो ।

प्रमुख सचिव हाजिर नभएपछि असोज ६ गतेसम्म मुख्यमन्त्री कार्यालयका कानुन सचिव कृष्णकुमार कार्कीलाई निमित्त प्रमुख सचिवको जिम्मेवारी तोकिएको थियो । असोज ६ मा मात्र प्रमुख सचिव लम्साल हाजिर हुनुभएको थियो ।

सचिव खटाउने विषयको समस्या बागमती प्रदेशको पुरानै समस्या हो । विगतमा एक सचिवको दरबन्दी रहेको मन्त्रालयमा २ सचिवको नियुक्त पनि बागमतीमा भएको थियो भने संघीय सरकारले नियुक्त गरेको सचिवलाई हाजिर नगराउने प्रचलनसमेत सुरु भएको थियो । आफू अनुकूल सचिव नभएको भन्दै गत बैशाख १३ मा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा संघीय सरकारबाट सरुवा भएका सहसचिव रमेश न्यौपानेलाई हाजिर गराइएको थिएन। सचिव न्यौपानेलाई हाजिर नगराएर तत्कालीन सरकारले प्रदेश निजामती सेवा ऐन २०७९ कार्यान्वयन गर्दै प्रदेशकै कर्मचारीलाई सचिवको जिम्मेवारी तोकिएको थियो । प्रदेशसभा सचिवालयमा दरबन्दी कायम रहेका प्रदेशका ११ औं तहका कर्मचारी पूर्णबहादुर दर्जीलाई दोहोरो जिम्मेवारीमा सो मन्त्रालयको पनि सचिवको जिम्मेवारी तोकिएको थियो ।

उता प्रदेशको स्वास्थ्य मन्त्रालयमा अहिले पनि २ जना सचिवले हाजिर गर्दै आएका छन् । एक दरबन्दी रहेको मन्त्रालयमा प्रदेशका ११ औं तहका कर्मचारी बद्रीबहादुर खड्काले जिम्मेवारी सम्हाल्दै आउनुभएको छ भने सोही पदमा संघीय सरकारले गत वैशाख १२ मा सहसचिव डा. प्रवीण श्रेष्ठलाई सरुवा गरेको थियो । सरुवा भएसँगै हाजिर हुन आउनुभएका डा. श्रेष्ठलाई मन्त्रालयले हाजिर गराउन नसक्ने भनेपछि अदालत पुग्नुभएको थियो। अदालतले उहाँले दायर गरेको मुद्दा खारेज गरिदिएको छ । तर, पनि उहाँ अझै मन्त्रालयमा नै जिम्मेवारीविहिन रुपमा हाजिर गरिर हनुभएको छ ।

## मुख्यमन्त्री कार्यालयमा हाजिर भइसक्नु भएको छ, जिम्मेवारी छिट्टै तोक्छौंः प्रमुख सचिव लम्साल

प्रदेश सरकारका प्रमुख सचिव डा. हरिप्रसाद लम्सालले संघीय सरकारले विगतको तुलनामा फरकरुपमा सचिवहरुको सरुवा गरेर पठाएको बताउनुभयो। विगतमा सम्बन्धित मन्त्रालयमा नै जिम्मेवारी तोकिने गरेकोमा हाल मुख्यमन्त्री कार्यालयमा सचिवहरु पठाएको उहाँले बताउनुभयो । उहाँका अनुसार भदौ २७ को निर्णयअनुसार संघीय सरकारले सचिवहरु प्रदेशमा पठाएको छ। प्रदेशलाई आवश्यक पर्ने दर बन्दीअनुसार सचिवहरु सरुवा गरी पठाइएको उहाँले बताउनुभयो ।

'पहिलाको भन्दा फरकरुपमा सरुवा भएर आउनुभएको छ । भदौ २७ को निर्णयअनुसार प्रदेशलाई चाहिने दरबन्दीअनुसार सचिवहरु मुख्यमन्त्री कार्यालयमा सरुवा गरी पठाइएको छ', प्रमुख सचिव डा. लम्सालले भन्नुभयो- 'आज नै ३ जना सचिवहरु मुख्यमन्त्री कार्यालयमा हाजिर गर्नुभएको छ। २ जना पनि हाजिर हुने चरणमा हुनुहुन्छ। हाजिर भइसकेपछि जिम्मेवारी तोक्ने तयारी छ ।'

सचिवहरुको विभागीय मन्त्रालयको जिम्मेवारी तोक्न क्याबिनेटबाट निर्णय हुनुपर्ने उहाँले बताउनुभयो। मुख्यमन्त्रीसँग समन्वय गरेर आगामी क्याबिनेटबाट मन्त्रालयको जिम्मेवारीमा सचिवहरु खटाइने उहाँले बताउनुभयो ।

# नवज्योति माध्यमिक विद्यालय
# प्रधानाध्यापकले छाडेर गए, अध्यक्षले पनि राजिनामा दिए

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित नवज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हेमप्रसाद अधिकारीले राजिनामा दिनुभएको छ । अध्यक्ष अधिकारीले भदौ २५ गतेको मितिमा लेख्नुभएको राजिनामा भदौ २६ गते वडा अध्यक्ष दामोदर गौतमलाई बुझाउनुभएको थियो । उहाँको राजिनामा असोज ३ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले स्वीकृत गरेको वडाअध्यक्ष गौतमले जानकारी दिनुभएको छ ।

प्रधानाध्यापक ज्ञानेन्द्र दाहालले व्यवस्थापन समितिको सहमतिबिना नै काज सरुवा लिएर हिँडेपछि आफ्नो औचित्य नदेखेर राजिनामा दिएको अधिकारीले बताउनुभएको छ। विद्यालयको अवस्था नाजुक भइरहेका बेला व्यवस्थापन समितिलाई जानकारी नै नदिई पालिका र वडाले प्रधानाध्यापकको काज सरुवा गरेपछि राजिनामा गर्न बाध्य भएको अधिकारीको भनाइ छ। "व्यवस्थापन समिति विद्यालयको सहयोगी संरचनाको रुपमा रहने गरेको छ । म विद्यालयको सुधारका लागि आएको थिएँ। प्रधानाध्यापकको निरन्तर असहयोग रह्यो। प्रधानाध्यापकको असक्षमता पनि उत्तिकै रह्यो", व्यवस्थापन समिति अध्यक्ष हेमप्रसाद अधिकारीले भन्नुभयो, "व्यवस्थापन समितिको सहमतिबिना नै पालिका र वडाले प्रधानाध्यापकको सरुवा गर्ने भएपछि काम गर्ने वातावरण रहेन । प्रधानाध्यापक हिँड्नु भएको २ दिन जति सरसल्लाह र समन्वय गरेँ । त्यसपछि राजिनामा दिनु उचित लागेर राजिनामा गरेँ।"

प्रधानाध्यापक दाहालले भने व्यवस्थापन समितिको असहयोगका कारण सरुवा लिएर हिँड्न बाध्य भएको बताउनुभएको छ । प्रधानाध्यापक दाहाल व्यवस्थापन समितिको सहमति बिना नै भदौ २० गतेको मितिमा काज सरुवा लिएर भदौ २३ गतेदेखि विद्यालयमा अनुपस्थित रहनुभयो । प्रधानाध्यापक दाहाल नगर शिक्षा समितिको सदस्य समेत हुनुहुन्छ ।

यता वडाअध्यक्ष दामोदर गौतमले व्यवस्थापन समिति र प्रधानाध्यापक ज्ञानेन्द्र दाहालबीचको विवादले समस्या सिर्जना भइरहेको बताउनुहुन्छ। प्रधानाध्यापकको मागअनुसार सरुवाका लागि वडाले स्वीकृत दिएको उल्लेख गर्नुहुँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अधिकारीलाई राजिनामा नगर्न आग्रह गर्दा पनि नमान्नुभएपछि राजिनामा स्वीकृत गर्न बाध्य भएको वडाअध्यक्ष गौतमले बताउनुभयो । वडा अध्यक्षको अध्यक्षतामा बसेको विद्यालय व्यवस्थापन समितिको असोज ३ गतेको बैठकले अध्यक्ष अधिकारीको राजिनामा स्वीकृत गरेको वडाअध्यक्ष गौतमले बताउनुभयो ।

हेटौंडा-७ नागस्वतीमा १० कक्षासम्म पठनपाठन हुने विद्यालयमातहत नै हेटौंडा-७, न्यूरेनीमा अपाङ्गता भएका विद्यार्थीहरुका लागि विशेष विद्यालय सञ्चालनमा रहेको छ । दुबैतर्फ गरेर चालु शैक्षिक सत्रमा विद्यार्थी भर्नाको विवरण दुई सय ४३ जना छन् । एक मात्रै मावि दरबन्दीका प्रधानाध्यापक दाहाल सरुवा लिएर जानु भएपछि निमावि तहका शिक्षक विमल गौतमलाई वडा अध्यक्ष दामोदर गौतमले प्रधानाध्यापकको जिम्मेवारी दिनुभएको छ । विमल गौतम वडाअध्यक्ष दामोदर गौतमको आफ्नै भाइ हुनुहुन्छ ।

# कुलेखानी-सिस्नेरी-काठमाडौं सडक
# प्रदेश सरकार र स्थानीय तह आमने-सामने

समाज संवाददाता

हेटौंडाः हेटौंडा काठमाडौं जोड्ने छोटो दुरीको कुलेखानी-सिस्नेरी-काठमाडौं सडकमा बागमती प्रदेश सरकार र स्थानीय तह आमनेसामने देखिएका छन् । प्रदेश सरकरको लगानीमा निर्माण भइरहेको उक्त सडकमा स्थानीय तहले आफ्ना निर्णय लागू गर्न खोज्दा समस्या देखिएको हो ।

उक्त सडक खण्डको मकवानपुरको इन्द्रसरोवर गाउँपालिका र काठमाडौंको दक्षिणकाली नगरपालिकातर्फ केही भाग मात्र सडक निर्माण गर्न बाँकी रहेको छ। सोही सडक निर्माणको विषयमा प्रदेश सरकार र स्थानीय तह बीच समस्या देखिएको हो । सोही सडकको विषयमा सोमबार दक्षिणकाली नगरपालिकाका प्रमुख मोहन बस्नेतले एक पत्र जिल्ला प्रशासन कार्यालय काठमाडौं र मकवानपुरलाई पठाउनुभयो। उहाँले उक्त सडक खण्डको दक्षिणकाली तर्फको सडक कालोपत्रे गर्न भन्दै १२ दिन सडक बन्द गर्न र सोही अनुसार सवारी साधन संचालनमा रोक लगाउन तथा डाइभर्सन प्रयोग गर्ने व्यवस्था गर्न पत्राचार गर्नुभएको थियो ।

असोज ७ मात्र पत्राचार गरिए अनुसार प्रशासन कार्यालयहरुले सो क्षेत्रका प्रहरी परिचालन पनि गरे । असोज १९ सम्मका लागि सवारी संचालनमा रोक लगाएको भएपनि असोज ९ मा उक्त सडक बन्द नरहेको सूचना प्राप्त भएको छ। प्रशासनले प्रहरी मार्फत् उक्त सडक बन्द नरहेको सूचना प्रवाह गरेको हो । नगरप्रमुख बस्नेतले प्रदेश सरकारसँग समन्वय नै नगरी सडक बन्द गर्न प्रशासनलाई पत्राचार गर्नुभएको थियो । सो खबर प्राप्त हुनासाथ प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक बन्द नगर्न दक्षिणकाली नगरपालिकालाई आग्रह गऱ्यो। सो पश्चात १२ दिन बन्द गर्ने निर्णय गरिएको उक्त सडक पुनः सुचारु रहेको सूचना प्रवाह भएको हो ।

मन्त्रालयले सडक निर्माणको ठेक्का लगाउने कार्यालय प्रदेश पूर्वाधार विकास विशेष आयोजना हेटौंडालाई नगरपालिकामा नै पठाएर आवश्यक विषय समन्वय गर्न निर्देशन गरेको मन्त्रालयका सचिव अमृत श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार ठेक्का लगाउने कार्यालय र मन्त्रालयलाई नै नसोधी हचुवामा नागरिकलाई दुःख दिने गरी स्थानीय तहले सडक बन्द गर्न प्रशासन कार्यालयहलाई पत्राचार गरेको थियो । "हामीले लगानी गरेर बनाइरहेको बाटोको अवस्था स्थानीय तहलाई कसरी थाहा हुन्छ । कुन काम कहिले गर्ने, कामको प्रगति के छ ? भन्ने बुझ्न हाम्रो प्राविधिक नै खटिएको छ । प्रदेश सरकारसँग समन्वय नै नगरी कसरी सडक बन्द हुन्छ ? सडक बन्द छैन ।" उहाँले भन्नुभयो, "दक्षिणकाली नगरपालिकाले भने झैं सडकमा पिच गर्ने अवस्था नै छैन । वर्षा भइरहेको बेलमा कसरी पिच गर्न सकिन्छ। ठेक्का लगाउने निकाय नै सो बाटोमा निरन्तर निगरानीमा छ । ठेकेदारलाई हामीले निरन्तर खबरदारी गरेका छौं। सडक पिच गर्ने विषय ठेक्का लगाउने निकायलाई थाहा हुन्छ की स्थानीय तहलाई ? प्रदेशको सडक बन्द गर्ने अधिकार स्थानीयलाई हुन्न। हामीले भनिसकेका छौं ।"

उक्त सडक बन्द गरेको खबर पाए लगत्तै प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना हेटौंडाका प्रमुख देवनारायण यादव फिल्डमा पुग्नुभयो । स्थानीय तहसँग समन्वय गर्न पुग्नुभएका उहाँले नगरप्रमुख बस्नेत भेट्न पाउनु भएन । वडा अध्यक्षसँग छलफल गरेर उनी काठमाडौं पुग्नुभएको हो । सडक बन्द गर्ने अवस्था नरहेको र निर्माण कार्य संचालनको विषयमा सामान्य छलफल भएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार स्थानीय तहको योजना अनुसार काठमाडौं तर्फको चार किलोमिटर सडक पिच गर्ने गरी सडक बन्द भनिएको हो । तर, सो सडकमा अहिलेको मौसममा पिच गर्ने अवस्था नरहेको उहाँले स्पष्ट पार्नुभयो । सो सँगै मकवानपुर र काठमाडौंको सिमानाको दुई किलोमिटर सडक पनि स्तरोन्नति गर्नुपर्ने भएकाले तत्काल सडक बन्दको योजना नरहेको उहाँले जानकारी दिनुभयो। मौसम अनुकुल भएपछि सडक बन्द नगरी काम गर्ने योजना रहेको उहाँको भनाई छ ।

प्रदेश सरकारले हालै उक्त सडकलाई प्रादेशिक सडक गुरुयोजनामा समावेश गरी 'राजधानी मार्ग' नामाकरण समेत गरेको छ। प्रदेश सरकारले सो सडकलाई विगत ३ वर्षदेखि बजेट विनियोजन गरी स्तरोन्नतिसहित मर्मत कार्य गर्दै आएको छ। सो सडक खण्ड अन्तर्गत मकवानपुर तर्फ ईन्द्रसरोवर गाउँपालिकातर्फ १२ किलोमिटर सडक निर्माण गर्न बाँकी रहेको छ भने काठमाडौंतर्फको दक्षिणकाली नगरपालिका तर्फ ७ दशमलव ७ किलोमिटर मात्र सडक निर्माण गर्न बाँकी रहेको छ ।

दक्षिणकालीतर्फ चार किलोमिटर सडकको पूर्वाधार निर्माणको सबै काम सकेर कालोपत्रे गर्न मात्र बाँकी रहेको छ भने मकवानपुरको सिमाना तर्फको उकालो बाटोमा पहिरो हटाउने, बेस निर्माण गर्ने लगायतको काम बाँकी रहेको छ। आगामी कात्तिकमा निर्माण कार्य सम्पन्न गरी सक्नु पर्ने उक्त सडक निर्माणका लागि प्रदेश सरकारले ३१ करोड रुपैयाँमा रौताराम सागर जेभीसँग ठेक्का सम्झौता गरेको थियो ।

उक्त सडक निर्माण कार्य २ वर्षमा सम्पन्न गर्ने सम्झौता भएपनि निर्माण कम्पनीका कारण २ पटक म्याद थप भइसेकको छ ।

# पत्रकार महासंघले प्रदेश र जिल्ला अध्यक्षको भेला गर्ने

समाज संवाददाता

हेटौंडाः पटक-पटक मिति तय गरेर पनि निर्वाचन हुन नसेको, अध्यक्ष र कार्यवाहक अध्यक्ष समेतले राजिनामा दिएपछि संकटमा परेको नेपाल पत्रकार महासंघले प्रदेश र जिल्ला अध्यक्षहरुको भेला गर्ने भएको छ । बुधबार महासंघका महासचिव रोशन पुरीले एक विज्ञप्ति जारी गर्नुहुँदै यही असोज १९ गते प्रदेश अध्यक्ष र जिल्ला अध्यक्षहरुको भेला आयोजना गर्ने निर्णय भएको जानकारी गराइएको छ।

महासंघको २७औं महाधिवेशनपछि उत्पन्न विशेष परिस्थिति, २०८१ जेठ २६ गते, असार २२ र असोज ५ गते घोषणा गरिएका निर्वाचन हुन नसक्ने दुःखद् परिस्थिति रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । कार्यवाहक अध्यक्ष रमेश विष्टले पनि राजिनामा दिएपछि झनै जटिल मोडमा आइपुगेको र असोज १२ गते तोकिएको निर्वाचन पनि हुन नसक्ने परिस्थिति सिर्जना भएको महासचिव पुरीले जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ।

मतदाता नामावलीसम्बन्धी विवाद र मतभेदकै बीचमा महासंघका ५३ शाखाका अध्यक्षहरूले विवाद निरुपणका लागि राष्ट्रिय भेलाको माग गरेको सन्दर्भमा बुधबार केन्द्रीय समिति, प्रदेश समिति अध्यक्ष र जिल्ला अध्यक्षहरूको परामर्श भेला भौतिक तथा भर्चुअल माध्यमबाट सम्पन्न भएको महासचिव पुरीले जानकारी गराउनुभएको छ। परामर्श भेलापछि कार्यवाहक अध्यक्ष बाला अधिकारीको अध्यक्षतामा सम्पन्न केन्द्रीय समितिको बैठकले जिल्ला/प्रदेश अध्यक्षहरूको सल्लाह/सुझाव परामर्शलाई समेत दृष्टिगत गरी यही असोज १९ गतेका दिन प्रदेश र जिल्ला अध्यक्षहरूको राष्ट्रिय भेला गर्ने निर्णय गरेको छ । भेलाको स्थान यथाशीघ्र जानकारी गराइने बताइएको छ। महासंघले विवाद समाधानमा सहजीकरण गर्न महासंघका पूर्वसभापति डा. सुरेश आचार्यको संयोजकत्वमा पूर्वसभापतिद्वय तारानाथ दाहाल, विष्णु निष्ठुरी तथा पूर्वअध्यक्षहरू धर्मेन्द्र झा, शिव गाउँले, डा. महेन्द्र विष्ट र गोविन्द आचार्यलाई आग्रह गर्ने निर्णय गरेको छ। बैठकले अध्यक्ष विपुल पोखेल र कार्यवाहक अध्यक्ष रमेश विष्टले दिनुभएको राजिनामा अनुमोदन गर्दै उहाँहरूले महासंघमा दिनुभएको योगदानको कदरसहित धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ।

# सम्पादकीय

हेटौंडा, मकवानपुर

## कानुन बनाउनै विलम्ब

देशमा एकभन्दा बढी तहको सरकार रहने शासन व्यवस्थालाई संघीयता भनिन्छ । नेपालको संविधान २०७२ ले मुलुकमा तीन तहको संघीयताको व्यवस्था गरेपछि संघ, प्रदेश र स्थानीय तहमा संसद र सरकार क्रियाशील छ । संघीय शासन व्यवस्थाले नयाँ प्रयोगको रुपमा प्रदेश संरचना तयार भयो । २०७४ सालमा आम निर्वाचन भएपछि प्रदेश तहमा पनि व्यवस्थापिका (संसद)को रुपमा प्रदेशसभा गठन भयो । प्रदेशसभाले ५ वर्षे पहिलो कार्यकाल पूरा गरेर दोस्रो कार्यकालको पनि दुई वर्ष पूरा हुन लागेको छ । करिब ७ वर्षको अभ्यासबाट पनि प्रदेशसभालाई सोचेजस्तो व्यवस्थित र प्रभावकारी बनाउन सकिएको छैन । सुरुवातमा प्रदेशको नाम र स्थायी राजधानीको टुंगो लगाउन दुई वर्ष लागेको थियो । त्यसपछि पनि प्रदेशसभाबाट हुनुपर्ने काम कारबाहीमा विभिन्न कारणले विलम्ब भइरहेको छ ।

प्रदेश सरकारले प्रदेशसभामा पेश गरेको विधेयकमा छलफल गरेर पारित गर्नै एक वर्षभन्दा बढी समय लागिरहेको छ । प्रदेशसभा अन्तर्गतको विषयगत समितिको बैठक बसेर विधेयकबारे छलफल र अनुमोदन हुन नसक्दा कानुन निर्माणमा विलम्ब भइरहको हो । गत वर्षको भदौमा प्रदेशसभामा पेश भएको ३ वटा विधेयक एक वर्षपछि बल्ल सोमबार पारित भएको छ । प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक एक वर्षपछि प्रदेशसभाबाट पारित भएको हो । समितिमा छलफलको लागि पठाइएको विधेयकबारे सम्बन्धित समितिले ११ महिनासम्म निस्क्रिय रहेर एक महिना अघिबाट छलफल चलाएको थियो । संसदीय समितिको बैठक नियमित र व्यवस्थित हुन नसक्दा एक वर्षदेखि विधेयकहरु अलपत्र बनेका थिए । २०८० भदौ १२ र २४ गते बसेको प्रदेशसभा बैठकले प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ (संशोधन), प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिमा पठाउने प्रस्ताव पारित गरेको थियो भने २०८० असोजमा बसेको प्रदेशसभा बैठकले प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनसम्बन्धी विधेयक २०८० संसदीय समिति छलफलका लागि पठाएको थियो ।

प्रदेश सरकारले प्रभावकारी काम गर्न नसक्दा कतिपय विषयका कानुन अझै बन्न सकेको छैन । सरकारले आवश्यक विजनेश दिन नसक्दा प्रदेशसभाको काम कारबाही पनि निकै सुस्त बनिरहेको छ । प्रदेश सरकार सञ्चालनका लागि आवश्यक सबै कानुन बन्न नसकेको भए पनि प्रदेश सरकारले आवश्यक विजनेश दिन नसक्दा प्रदेशसभा कामविहिन बनेको छ । चाँडो चाँडो सरकार परिवर्तन भइरहेको र संघीय सरकारले कानुन निर्माण नगरेका कारण पनि प्रदेशसभाले प्रदेश तहमा आवश्यक कानुन निर्माणमा तिब्रता दिन सकेको पाइँदैन । सुरुवाती समयमा कानुन निर्माणमा सक्रिय बनेको प्रदेश सरकार र प्रदेशसभा पछिल्लो समय कानुन निर्माण सुस्त बनिरहेको छ । प्रदेशसभामा पेश भएका तीन वटा विधेयक पारित भएसँगै प्रदेशसभामा कुनै विधेयक बाँकी छैन ।

संघीयता र प्रदेशको संरचनाको नयाँ अभ्यास गर्दा सुरुवातको समयमा केही अन्यौलता र अलमल स्वभाविक भए पनि अब प्रदेशसभा र प्रदेश सरकारले कामलाई तिब्रता दिनुपर्छ । प्रदेश सरकारले प्रशासनिक तथा विकास निर्माणको कामलाई तिब्रता दिँदै आवश्यक कानुन निर्माणको काममा पनि अलमल गर्नु हुँदैन । द्रुत गतिमा कानुन निर्माणको कामलाई अघि बढाएर प्रदेशसभाको गति तिब्र बनाउनु आवश्यक छ । प्रदेशमा करिब एक सयवटा कानुन आवश्यक भए पनि हालसम्म करिब ६५ वटा कानुन बनेका छन् । बनेका कानुनहरु अधिकांश संशोधन भइरहेका छन् भने कतिपय कार्यान्वयनमै आएका छैनन् । अझै एक तिहाइ कानुन निर्माणको प्रक्रिया नै सुरु नहुनु र कानुन निर्माणमा विलम्ब हुनुले प्रदेश संरचनाको प्रभावकारिता कमजोर बनिरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**वृष** : प्रतिस्पर्धी माथि विजय हाशिल हुने समय छ ।
**मिथुन** : पढाइ–लेखाइका क्षेत्रमा सरिक भइने योग छ ।
**कर्कट** : पारिवारीक दायित्व बढ्ने समय योग छ ।
**सिंह** : लेखाइ– पढाइका काममा समय व्यतित होला ।
**कन्या** : धार्मिक यात्रा योग रहने समय रहेको छ ।
**तुला** : परीक्षा र प्रतिस्पर्धामा विजय प्राप्त होला ।
**वृश्चिक** : धार्मिक कृत्यमा सरिक भइने समय योग रहेको छ ।
**धनु** : दार्शनिक विषयप्रति झुकाव बढ्ने समय योग रहेको छ ।
**मकर** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**कुम्भ** : वैदेशिक योगबाट लाभ प्राप्त हुने समय छ ।
**मीन** : सामाजिक र धार्मिक कृत्यमा सरिक भइने छ ।

# आयात प्रतिस्थापनको अर्थतन्त्र


**सुरज घिमिरे**

गत आर्थिक वर्ष कुल वस्तु निर्यात १ खर्ब ५२ अर्ब ३८ करोड रह्यो भने आयातको आकार १५ खर्ब ९२ अर्ब ९९ करोड पुग्यो । आयात १६.१ प्रतिशतले घट्दासमेत कुल वस्तु व्यापार घाटा १४ खर्ब ४० अर्ब ६० करोड रहन गयो । त्यसो त निर्यात पनि ३ प्रतिशतले घटेको थियो । आन्तरिक उत्पादनमा वृद्धि भई आयात घटेको भए आयात घट्नुलाई शुभसंकेतका रूपमा बुझ्न सकिन्थ्यो । तर, आयात-निर्यात घट्नुमा बजार मागमा आएको शिथिलता प्रमुख कारण रह्यो । केन्द्रीय बैंकको पछिलो तथ्यांक हेर्ने हो भने निर्यात-आयात अनुपात ९.६ प्रतिशत पुगेको छ । यसको अर्थ नेपालले १ हजार रुपैयाँबराबरको आयात गर्दा केवल ९६ रुपैयाँबराबरको सामान निर्यात गर्छ । यसले मुलुकको उत्पादन स्तर निकै कमजोर रहेको पुष्टि गर्छ, जसलाई आत्मनिर्भर अर्थतन्त्र निर्माणका निम्ति मुख्य चुनौतीका रूपमा लिन सकिन्छ ।

स्वदेशमा उत्पादन नहुनु, केही उत्पादित वस्तुमा पनि गुणस्तर हुन नसक्नु, विप्रेषण आयलाई पुंजी निर्माणसँग जोड्न नसक्नु, कृषि एवम् उद्योग क्षेत्रमा श्रमिकको अभाव देखिँदै जानु, उपभोग प्रवृत्ति बढ्दै जानु उच्च आयात र न्यून निर्यातका मुख्य कारणहरू हुन् । यीबाहेक पनि पुँजीगत खर्चको दयनीय अवस्था, राजनीतिक स्थिरताको अभाव, लगानीमैत्री वातावरणको कमी, कमजोर पूर्वाधार, बढ्दो विदेशी विनिमय दर आदिले गर्दा नेपालमा पुँजीको सीमान्त उत्पादन क्षमता कमजोर बन्दै गएको छ । यही कारणले गर्दा स्वदेशी एवम् विदेशी लगानी बढ्न सकेको छैन, जसको परिणामस्वरूप व्यापार घाटामा सुधार ल्याउने कार्य चुनौतीपूर्ण देखिन्छ ।

उच्च व्यापार घाटा, बढ्दो सार्वजनिक बजेट घाटा र श्रम पलायनले नेपाली अर्थतन्त्रलाई धमिराले खाएजस्तै गरी खाँदै गएको छ । कर राजस्व लक्षित रूपमा बढ्न नसक्दा सार्वजनिक बजेटमा स्रोत अभावको समस्या बल्झिँदै गएको देखिन्छ । यही कारणले गर्दा मुलुकको कुल सार्वजनिक ऋणको भार बढेर २४ खर्ब ३३ अर्ब २३ करोढ ९४ लाख पुगेको छ । यो तथ्यांक २०८१ असार मसान्तको हो । यसरी ऋण बढ्दै गर्दा त्यसको साँवाब्याज भुक्तानी व्यवस्थापन गर्न राज्यलाई सकस हुँदै गएको कुरा चालु आर्थिक वर्षको बजेट विनियोजनले पनि देखाएको छ ।

आर्थिक वर्ष २०८१-८२ का लागि सरकारले कुल बजेट रकम १८ खर्ब ६० अर्ब ३० करोड विनियोजन गरेकोमा ३ खर्ब ३० अर्ब आन्तरिक ऋण र २ खर्ब १७ अर्ब ६७ करोड गरी कुल ५ खर्ब ४७ अर्ब ६७ करोड रकम ऋणलाई पनि बजेटको स्रोतका रूपमा जुटाउने लक्ष्य लिएको छ । यो रकम कुल बजेटको करिब ३० प्रतिशत हुन आउँछ । तर, विनियोजित बजेटमा पुँजीगत खर्च ३ खर्ब ५२ अर्ब ३५ करोड रहेको छ । यसरी हेर्दा पुँजीगत खर्चभन्दा पनि सार्वजनिक ऋणको मात्रा बढी हुनले यसको सदुपयोगितामा राज्यसंयन्त्र गम्भीर नभएको शंका गर्ने ठाउँ रहन्छ । ऋणको साँवाब्याज तिर्न ऋण लिनुपर्ने अवस्थालाई 'ऋणको पासो' भनिन्छ । कतै मुलुक यही बाटोमा हिँड्न बाध्य भएको अवस्था त होइन ? बेलैमा सोच्नुपर्ने विषय बनेको छ ।




आर्थिक सोच र शैलीमा परिवर्तन नगर्ने हो भने मुलुकको भविष्य सुधार गर्न सकिँदैन । देशको आर्थिक जग बलियो बनाउन सम्भावनाका क्षेत्र पहिचान गरी त्यसैमा जोड दिनु आवश्यक छ । नेपालका लागि सम्भावनाका क्षेत्र भनेको ऊर्जा, पर्यटन र कृषि नै हुन् । यी क्षेत्रको विकासमा पहल गर्नु जरुरी छ । ऊर्जाले आयात प्रतिस्थापन गर्न महत्वपूर्ण योगदान दिन सक्छ । कृषिक्षेत्रले आयात प्रतिस्थापन गराउनुका साथै साना तथा मझौला उद्योगको विकासमा पनि टेवा दिन सक्छ । त्यसैगरी पर्यटन नेपालको आम्दानीको स्रोत मात्र होइन, कला-संस्कृति र पहिचानको मार्ग पनि हो । अतः अब मुलुकले वैकल्पिक अर्थतन्त्रका लागि ऊर्जा, पर्यटन र कृषिक्षेत्रमा व्यापक लगानीको अपरिहार्यतालाई कसैले पनि नकार्न सक्दैन ।

गत आर्थिक वर्षमा २ खर्ब ७७ अर्ब रुपैयाँबराबरको डिजेल, पेट्रोल र ग्याँस आयात भएको छ । यो रकम कुल आयातमा करिब १८ प्रतिशत हुन आउँछ । विगत १० वर्षसँग गणना गर्ने हो भने पेट्रोलियम पदार्थको आयात औसतमा १५ प्रतिशतले बढेको देखिन्छ, यद्यपि पछिल्लो दुई आर्थिक वर्षमा लगातार यस्तो इन्धनको खपत घटेको देखिएको छ । दुई वर्षमा डिजेलका लागि खर्चिने विदेशी मुद्रा करिब ३५ अर्ब रुपैयाँले घटेको छ । यसैगरी पेट्रोलका लागि खर्चिने मुद्रा ३२ अर्ब रुपैयाँले र ग्याँसका लागि खर्चिने मुद्रा १० अर्ब रुपैयाँले घटेको छ । आम मानिसको उपभोग क्षमता घटेकाले पनि यस्तो भएको हो । तर, पेट्रोलियम पदार्थको तुलनामा विद्युतीय सवारी साधनको खर्च कम हुने र वातावरणमैत्रीसमेत हुने भएकाले पछिल्लो समय विद्युतीय सवारी साधनको माग बढ्दै गएको सन्दर्भमा आयात हुने तेलको खपत घटाएर त्यसको ठाउँमा विद्युतीय सवारीको प्रयोग बढाउँदै जानाले पनि पेट्रोलियम पदार्थको आयात घटेको हुन सक्छ ।

भन्सार विभागका अनुसार आर्थिक वर्ष २०८०-८१ मा ३० अर्ब ७७ करोड रुपैयाँका विद्युतीय सवारी साधन आयात भएकोमा जसमध्ये विद्युतीय थ्री ह्विलर भ्यान, जिप, कारसहित २३ हजार ८ सय ७२ सवारी साधन आयात भएका छन् । यो भन्सार विभागको तथ्यांक हो । अहिलेसम्म कुल १७ हजार विद्युतीय सवारी साधन आयात भएकोमा गत आर्थिक वर्ष एक वर्षकै अवधिमा करिब १२ हजार सवारी साधन आयात हुनुले आगामी दिनहरूमा विद्युत खपत बढ्ने र तेलको आयात घट्न सक्ने सुखद अनुमान लगाउन सकिन्छ । जसले नेपालको आयातलाई दीर्घकालीन रूपमा केही कम गर्न सक्छ । विज्ञहरूका अनुसार पेट्रोलियम सवारी साधनको पेट्रोल खर्च प्रतिकिलोमिटर करिब २० रुपैयाँ छ भने विद्युतीय सवारीको प्रतिकिलोमिटर १ रुपैयाँ रहेको छ । यसले उपभोक्तालाई समेत राहत मिल्ने देखिन्छ ।

नेपालको अबको वैकल्पिक अर्थतन्त्रको अर्को महत्वपूर्ण आधारस्तम्भ भनेको कृषि हो । कृषिक्षेत्रको विकास गर्न सके रोजगारीमार्फत गरिबी घटाउन सकिन्छ । यसका साथै आयात प्रतिस्थापन गरी वैदेशिक व्यापार घाटा पनि कम गर्न सकिन्छ । आय असमानता घटाउन पनि कृषिक्षेत्रको विकासबाट सम्भव हुन सक्छ । यतिमात्र होइन, विभिन्न उद्योगका लागि आवश्यक कच्चा पदार्थ कृषिक्षेत्रबाटै प्राप्त हुने भएकाले कृषिक्षेत्रको विकासबाटै औद्योगिक उन्नति हासिल गर्न सकिन्छ ।

नेपालमा युरोपमा जस्तै तत्कालै आधुनिक यन्त्र उपकरण र इलेक्ट्रिक वस्तुलगायतका उच्च मूल्य हुने वस्तु उत्पादन गरी चमत्कारिक आर्थिक विकास गर्न सम्भव छैन । तर, हामीले स्वदेशमा भएका साधनस्रोतको उपयोग गर्दै बिस्तारै आर्थिक यात्रालाई अगाडि बढाउन सक्छौं । यसका लागि पहिले कृषिको विकास गर्नु जरुरी छ । कृषिक्षेत्रको विकासका लागि भूमिको न्यायिक वितरण, कृषि-अनुसन्धानको व्यवस्था, पूर्वाधारको विकास आदिमा समेत ध्यान दिनु जरुरी छ ।

नेपालको अर्थतन्त्रको विकासका लागि पर्यटन क्षेत्रलाई पनि प्राथमिकता दिनु उत्तिकै जरुरी छ । सर्वोच्च शिखर सगर माथा, बुद्ध जन्मस्थल लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ र नेपालको विविधतायुक्त हावापानी पर्यटन विकासका आधारहरू हुन् । पछिल्लो तथ्यांकअनुसार विश्वको कुल जनसंख्याको ६.६ प्रतिशत मानिस बौद्ध धर्म मान्छन् । यस हिसाबले बौद्ध धर्मावलम्बीको जनसंख्या करिब ५१ करोड हुन आउँछ । यो त बौद्ध धर्म मान्नेहरूको संख्या हो । सन् २०१९ मा अमेरिकामा रहेको पेव रिसर्च सेन्टरले गरेको एक अध्ययनमा एसियाली क्षेत्रमा बौद्ध धर्म नमाने पनि बुद्धका शिक्षा र संस्कार आदि अँगाल्नेहरू प्रशस्त छन् । यस्ता मानिसमध्ये एक प्रतिशत मात्रै पनि नेपाल पर्यटकका रूपमा भित्र्याउने हो भने आयात निर्यातको चक्रबाट चिन्तित हुनुपर्ने अवस्था आउँदैन

नेपाल धार्मिक, साहसिक, मनोरञ्जन, शैक्षिकलगायतका पर्यटनको प्रशस्त सम्भावना रहेको मुलुक हो । पवर्तारोहण, पदयात्रा, र्‍याफ्टिङ, जंगल सफारीलगायतका साहसिक गतिविधिका लागि उपयुक्त वातावरण हुनु, प्याराग्लाइडिङ, अल्ट्रालाइट, जिपलाइनलगायतका नरम साहसी गतिविधिको अन्तर्राष्ट्रिय संगम स्थल हुनु, अनुपम धरातलीय, जैविक, सांस्कृतिक विविधताको खानी हुनु, नेपालीहरूको जस्तै दुःखमा पनि हाँसिरहने अनुहार, अतिथिलाई सत्कार गर्ने बानी र संस्कार हुनु, अर्बभन्दा बढी जनसंख्या भएका दुई छिमेकी राष्ट्र चीन र भारतको बीचमा अवस्थित हुनुजस्ता कारणले नेपालमा पर्यटन विकासको प्रचुर सम्भाव्यता भएको कुरामा दुईमत छैन । दुई छिमेकी मुलुक भारत र चीनका १ प्रतिशत मानिस मात्र पनि वार्षिक रूपमा पर्यटकका रूपमा भित्र्याउने हो भने पर्यटन क्षेत्रले सुनौलो रंग फेर्न सक्छ, जसको सोझो असर अर्थतन्त्रमा देखिन्छ ।

देशमा बढ्दै गएको आयात-निर्यातको अन्तरलाई बेलैमा सुधार ल्याउनु आवश्यक छ । यसका लागि विकल्पको खोजी उत्तिकै जरुरी छ । मुलुकमा कृषि, ऊर्जा र पर्यटन उच्च सम्भावनाका क्षेत्रहरू हुन् । यी क्षेत्रलाई प्राथमिकता नदिई अर्थतन्त्र सुधार गर्न सकिँदैन । यसका लागि अहिले वित्तीय क्षेत्रमा देखिएको उच्च तरलतालाई यस्ता क्षेत्रमा प्रवाहित गर्न नीतिगत पहल गर्नुपर्ने देखिन्छ । बढ्दो विप्रेषण आयलाई उत्पादनसँग जोड्न सकिएन भने वैदेशिक रोजगारी आफैंमा समस्या बन्न सक्छ । यसबारे बेलैमा सचेत हुनुपर्ने देखिन्छ । साथै, सरकारले पनि पुँजीगत खर्च बढाउने र सार्वजनिक ऋणको सदुपयोगितामा ध्यान दिनु जरुरी छ । *(स्रोतः कारोबारदैनिक)*

# स्कुल पढाएर पनि जीवन चल्छ, आफ्नो भविष्य नबनाउने ?



**सुभद्रा चौलागाईं**

ज्ञान भनेको जति अरुलाई बाँड्यो, त्यति बढ्छ । स्कुले जीवनमा त्यति साह्रै पढ्ने विद्यार्थी होइन म, तर फेल भएको थाहा छैन । मलाई सम्झना छ– स्कुले जीवनमा म साथीहरूसँग भन्दा आफूभन्दा स-साना भाइबहिनीसँग रमाउँथैं, किताब पढ्न रुचाउँथैं । आफूभन्दा साना बालबालिकासँग रमाउने मेरो स्वभाव नै हो । सायद त्यसैले म आज भाइबहिनीलाई पढाउने पेसा (निजी विद्यालय)मा आबद्ध छु, अर्थात् मेरो मनले आफू रमाउने ठाउँ पाएको छ ।

समाजमा शिक्षण पेसालाई प्रतिष्ठित रूपमा त हेरिन्छ, तर आर्थिक पक्षबाट अर्थात् जनजीविकाका हिसाबले यसलाई त्यति महत्व दिइँदैन ।

आफ्नो पेसामा म एकदमै खुसी र सन्तुष्ट छु । यद्यपि आफन्तसँगको भेटघाट र साथीभाइसँगको जमघटमा हुँदा जस्ता प्रश्न सोधिन्छन्, त्यसले मलाई निराश बनाउँछ । कहिलेसम्म पढाइरहने ? तलब कति छ नि ? स्कुल पढाएर पनि जीवन चल्छ ? आफ्नो भविष्य नबनाउने ? यी र यस्तै तमाम प्रश्नका कारण मैले त्यस्ता भेटघाटमा रुचि दिन छाडेकी छु । गुणस्तरीय शिक्षासँगै यसमा आबद्ध शिक्षकको सेवा-सुविधाका विषयमा राज्यले सोच्नुपर्छ । अर्को कुरा, कुनै पनि पेसा वा क्षेत्रमा आबद्ध हुनु व्यक्तिको व्यक्तिगत सोच र चिन्तनको विषय हो ।

पैसाभन्दा पनि ठुलो खुसी र आत्मसन्तुष्टि हो भन्ठान्छु मैले । मेरो भविष्य बिर्सिएर भाइबहिनीको भविष्य बनाउन लागिपरेकी छु । यो अर्को गौरवको विषय होइन र ? पैसा र सम्पत्ति मात्र ठुलो हुने कस्तो समाज निर्माण गर्दै छौं हामीले ?

अरुका बालबालिकालाई आफ्नै बालबच्चाझैं गरी सिकाउनु निश्चय नै गौरवको कुरा हो । शिक्षण पेसाले शिक्षकलाई समाजसँग जोड्छ, राज्यका नीति-नियमसँग जोड्छ । शिक्षकले विद्यार्थीलाई सिकाएका मात्रै हुँदैनन्, बालबालिकाबाट पनि केही सिकिरहेका हुन्छन् । विगत ६ वर्षदेखि शिक्षण पेसामा रहँदा मैले यस्तै महसुस गरेकी छु ।

कक्षा १ बाट पढाउन सुरु गरेकी मैले ६ वर्षको अन्तरालमा कक्षा १० सम्म

...बाँकी पृष्ठ ३ मा

### स्वास्थ्य कार्यक्रमको जिल्लास्तरीय वार्षिक समीक्षा

# आर्थिक प्रगति ७० प्रतिशत, भौतिक प्रगति ९० प्रतिशत



*समीक्षापछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक समीक्षा भएको छ। जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा मंगलबार र बुधबार दुई दिन एक वर्षभित्र भएका सम्पादित कार्यक्रमहरुको समीक्षा भएको हो ।

जिल्लाभित्रका १० वटै स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुख, जिल्लाभित्रका गैरसरकारी संस्था र निजी अस्पतालका प्रमुखहरुको सहभागितामा समीक्षा भएको छ। जनस्वास्थ्य कार्यालय मकवानपुरका सुचना अधिकारी लक्ष्मण घिमिरेले कार्यालयबाट भएका कार्यक्रमको प्रस्तुति राख्नुभयो । गत आर्थिक वर्षमा कार्यालयले ९५ करोड २७ लाख ८६ हजार रुपैयाँ विनियोजित बजेटमध्ये ७० प्रतिशत खर्च गरेको छ भने भौतिक प्रगति ९० प्रतिशत भएको छ।

सूचना अधिकारी घिमिरेका अनुसार कार्यालयमा १० पटक जनस्वास्थ्य समन्वय समितिको बैठक बसेको छ भने १२ पटक बजार अनुगमन गरेको छ । यस्तै, स्थानीय तह तथा जिल्लास्तरीय महामारी प्रतिकार्य तथा पूर्वतयारी योजना निर्माण तथा सहजीकरण ११ पटक, मानसिक तालिम २५, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम २ सय ५ र क्षयरोग पुनर्ताजगी तालिम २३ पटक सञ्चालन गरेको छ।

गत वर्षमा जिल्लाभित्र ३१ हजार ७ सय ५४ बालबालिकालाई दादुरा खोप लगाइएको छ। लक्ष्यको ९९ प्रतिशत खोप लगाइएको हो । सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा १२ हजार ८ सय ६५ जना, मनहरी गाउँपालिकामा ३ हजार १ सय १५, थाहा नगरपालिकामा २ हजार ५ सय १८ जना र सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकामा ७ सय ८४ जना बालबालिकालाई दादुराविरुद्धको खोप लगाइएको छ।

जिल्लाभित्र ८ हजार ७ सय ७ जनाको क्षयरोग जाँच गर्दा ३ सय २ जनामा पोजेटिभ नतिजा आएको थियो । जिल्लाभित्र चालु आर्थिक वर्षको साउनदेखि असोज ७ गतेसम्म ६ सय १२ जनामा डेङ्गु संक्रमण पुष्टि भएको छ । कार्यालयले डिजिटल एक्सरेमार्फत् भीमफेदी गाउँपालिकास्थित कारागारमा नौ सय २५ जनाको स्वास्थ्य परीक्षण गर्दा आठ जना नयाँ क्षयरोगी भेटिएका थिए । यस्तै, डिजिटल एक्सरेमार्फत् मनहरी गाउँपालिकामा पाँच सय ६४ जनाको स्वास्थ्य परीक्षण गर्दा १५ जना नयाँ क्षयरोगी भेटिएका छन्।

समीक्षाको अवसरमा वार्षिक कार्यसम्पादनका आधारमा पालिका र स्वास्थ्यकर्मीलाई सम्मान समेत गरिएको छ। जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारको सभाध्यक्ष तथा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक बसन्त अधिकारी, स्वास्थ्य मन्त्रालयका महाशाखा प्रमुख डा. खगेश्वर गेलाल, प्रदेश स्वास्थ्य निर्देशनालयका शाखा प्रमुख डा. नवीन दर्नाल र हेटौंडा अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रामचन्द्र सापकोटालगायतको आतिथ्य रहेको थियो ।

### मनसुन सक्रिय

## ५६ जिल्लामा 'रेड अलर्ट'

काठमाडौं: मनसुन सक्रिय भएपछि ५६ जिल्लामा रेड अलर्ट जारी भएको छ। जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले बुधबार सातै प्रदेशका ५६ जिल्लामा 'रेड अलर्ट' जारी गरेको हो। 'रेड अलर्ट'ले उच्च जोखिमको सम्भावनालाई जनाउँछ ।

मौसम पूर्वानुमान महाशाखाले यसअघि असोज ७ गते जारी गरेको विशेष बुलेटिनमा २७ जिल्लालाई मात्र उच्च जोखिमको सूचीमा राखेकोमा बुधबार जारी अर्को विशेष बुलेटिनमा ५६ जिल्लालाई उच्च जोखिमको सूचीमा राखिएको छ । महाशाखाका अनुसार १९ जिल्ला मध्यम जोखिममा छन् भने हिमाली दुई जिल्ला (मुगु र हुम्ला) मात्र न्यून जोखिममा छन् । महाशाखाका मौसमविद् गोविन्द झाले बंगालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त वायु तथा त्यस क्षेत्रमा बनेको न्यूनचापीय प्रणालीको प्रभावका कारण नेपालमा भारीदेखि धेरै भारीसम्म वर्षा हुने प्रक्षेपण छ ।

असोज १० गते बिहीबार दिउँसोदेखि असोज १३ गते आइतबारसम्म देशभर वर्षाको सम्भावना छ । मौसमविद्का अनुसार कोशी, मधेश, बागमती, कर्णाली र सुदूरपश्चिम प्रदेशमा भारी वर्षाको सम्भावना छ । यी प्रदेशका केही स्थानहरुमा धेरै भारी वर्षा पनि हुन सक्ने छ । साथै तराई भूभागमा हावाहुरीसमेत चल्ने सम्भावना छ ।

यो वर्षाले विषेशतः कृषि क्षेत्रमा प्रभाव पार्ने देखिएकाले कृषि कर्महरु सुरु गर्नुभन्दा अगावै अध्यावधिक मौसमको जानकारी तथा पूर्वानुमान नियमित हेर्न सबैलाई अनुरोध गरेको छ। यसैगरी वर्षाको कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको समेत जोखिम छ । शहरी तथा तराई क्षेत्रहरूमा डुबान हुनसक्ने सम्भावना छ । ठूला तथा साना नदीनाला र खोलाहरूमा पानीको सतह बढ्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायात समेत प्रभावित हुनसक्ने आशंका छ। त्यसैले मौसमविद्ले सर्वसाधारणदेखि सबै सरोकारवालालाई उच्च सतर्कता तथा पूर्व तयारी अपनाउन अनुरोध गरेका छन्। *(स्रोत: अनलाइनखबर)*

## बाँझोडाँडामा आँखा शिविर, १४० जनाले परीक्षण गराए


*शिविरमा आँखा परीक्षण गर्दै स्वास्थ्यकर्मी ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजना तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ को समन्वयमा हेटौंडा-१, बाँझोडाँडामा बुधबार आँखा शिविर भएको छ। नकौली आधारभूत शहरी स्वास्थ्य केन्द्र, बाँझोडाँडामा भएको शिविरमा एक सय ४० जनाको आँखाको परीक्षण गरिएको वडा सदस्य ईश्वरी रसाइलीले जानकारी दिनुभयो ।

शिविरमा १३ जनाको आँखामा मोतिविन्दु र एक जनाको आँखामा जलविन्दु पाइएको छ । आँखामा समस्या भएकाहरुलाई औषधी वितरण गरिएको थियो । शिविरमा मोतिविन्दुको समस्या देखिएकाहरुको हेटौंडा सामुदायिक आँखा अस्पतालले निशूल्क उपचार गरिदिनेछ । शिविरमा अप्थाल्मिक अफिसर रिना खड्गी, नेत्र सहायक धर्मराज यादव र आई हेल्थ वर्कर अचला शर्माले परीक्षण गर्नुभएको थियो । वडा अध्यक्ष सविन न्यौपानेको अध्यक्षतामा शिविरको उद्घाटन कार्यक्रम भएको थियो ।

## स्कुल पढाएर...

पढाउन थालेकी छु । पहिलो दिन, निकै डर-त्रासका साथ बालबालिकालाई पढाउनका लागि कक्षाकोठामा प्रवेश गरेकी थिएँ । त्यो दिन र आजका दिन तुलना गर्दा मलाई आत्मसन्तुष्टि नै मिल्छ।

साना बालबालिकालाई अक्षर र अंक चिनाउनेदेखि उनीहरुको इच्छा, चाहना र क्षमता अनुरुपको भविष्यको बाटो देखाउन सहज छैन । तर उनीहरूसँग बिताउने समय, उनीहरूसँग बनेको सम्बन्धले मलाई सधैं शिक्षण पेसामा घचघच्याइरह्यो र आजसम्म निरन्तरता दिइरहें ।

जिन्दगीको यात्रामा उकालो मात्रै वा ओरालो मात्रै हुँदैन । शिक्षण पेसामा आरोह-अवरोह निकै झेलेकी छु र जसबाट सिकेर अगाडि बढिरहेकी छु। पहिले आफ्नो भविष्यको पछि परेकी थिएँ, अहिले स-साना बालबालिकालाई उज्यालो भविष्यको बाटो देखाउन प्रयत्नरत छु।

हामीले राम्रो व्यवहार गऱ्यौं भने बालबालिकाका अभिभावकले निकै स्नेह देखाउँछन् । आफ्ना छोराछोरीलाई खाजा ल्याइदिंदा कहिलेकाहीँ हामीलाई पनि केही ल्याइदिएर खान कर गर्छन् । कहिलेकाहीँ बिरामी भएर हामी विद्यालय नगएका दिन तिनै अभिभावकको फोन आउँछ । यही नै मेरा लागि यस क्षेत्रबाट कमाएको ठुलो सम्पत्ति हो। यद्यपि तलब, सेवा-सुविधाले कहिलेकाहीँ पिरोल्छ पनि ।

हो, परदेसिएका साथीहरूले जसरी यस क्षेत्रमा लागेर कमाउन सकिनँ, तर पछुतो छैन । किनकि घर-परिवार र देश रोजेकामा मलाई गर्व छ। म त नेपालमै बसेर स-साना भाइबहिनीको माया कमाउँदै छु।

अहिलेको वर्तमान अवस्था हेर्ने हो भने शिक्षकलाई आफ्नो जीविका चलाउन पनि धौधौ पर्न थालेको छ । महँगी यति बढेको छ कि त्यसका अगाडि आफ्नो तलबको केही लाग्दैन। महँगी, त्यसमाथि देशमा कुनै पनि क्षेत्रमा लागेर जीविकोपार्जन गर्न समस्या हुने भएकाले युवाहरु बिदेसिएका छन् । पढे-लेखेका मजस्तै शिक्षण क्षेत्रमा योगदान दिन्छु भन्नेहरूको ध्यान पनि अचेल विदेशतिर भड्कन थालेको पाउँछु।

साथीभाइ हेर्दा र आफन्तका कुरा सुन्दा मेरो मन पनि आत्तिन्छ। अर्कोतिर आफूले पढाएका कतिपय विद्यार्थीले पनि विदेशकै सपना देखेको पाइन्छ । यस्तो लाग्छ, शिक्षा र रोजगारीलाई जोडेर अगाडि बढ्न पाउने भए धेरै विद्यार्थीले विदेशको सट्टा स्वदेशमै अवसर खोज्ने थिए।

देशको सबै क्षेत्रमा विकास हुँदै गर्दा शिक्षा क्षेत्रले अझै फड्को मार्न सकेको छैन। अझै पनि स-साना भाइबहिनीलाई सानै उमेरदेखि सुगारटाइ गर्ने चलन छ। दुई-तीन वर्ष नपुग्दै विद्यालयको ढोकामा लगेर छाड्ने प्रचलन बढ्दै छ। बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म खोरमा थुने जसरी विद्यार्थीलाई विद्यालयमा थुनिन्छ। फेरि त्यही विद्यार्थी विद्यालय सकिएको भोलिपल्टदेखि विदेशी भाषादेखि कम्प्युटर आदिको कक्षा खोज्दै भौंतारिन थाल्छ ।

शैक्षिक क्षेत्रमा परिवर्तन ल्याउन धेरै नै आवश्यक छ। किताबका पाठ र टाउनुको सट्टा व्यावहारिक सिकाइमा जोड दिनुपर्छ। शिक्षण पेसासँगै शिक्षण पेसामा आबद्ध भएका व्यक्तिलाई गर्ने व्यवहारमा परिवर्तन गर्नुपर्छ।

शिक्षण पेसामा युवाहरुलाई आकर्षित गर्न एकदमै आवश्यक छ र शिक्षकहरुलाई बेला बेला तालिमको आवश्यक छ। एउटा असल शिक्षकले भोलिको प्रतिभा जन्माउन सक्छ । यसो नभए पनि कम्तीमा गरिखाने सीप दिन सक्ने खालको शिक्षा हुने हो भने देशमा धेरै परिवर्तन आउन सक्छ। विद्यार्थीलाई देशमै केही गर्ने भावना ल्याउन विद्यालयको वातावरणदेखि देश र समाजको समग्र क्षेत्रमा परिवर्तन आवश्यक छ । हामीले स्कुलमा मात्रै सिकाइको वातावरण खोज्छौं। विद्यार्थीले सीप विकास गर्ने वातावरण समाजमा पनि हुनुपर्छ । यसमा खासगरी राज्यले ध्यान दिनुपर्छ ।

*(शिक्षक, सुनौलो भविष्य स्कुल, जोरपाटी/स्रोतः रातोपाटी)*

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## श्री श्रमिक माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

### सूची दर्तासम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/०२)*

यस विद्यालयका लागि आर्थिक वर्ष २०८१/०८२ मा आवश्यक पर्न सक्ने तपसिल अनुसारका मालसामान, सेवा खरिद, परामर्श तथा मर्मत कार्यका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ अनुसार इजाजतप्राप्त फर्म, कम्पनी तथा सेवाप्रदायक सूचीकृत गर्नुपर्ने भएकाले सूची दर्ता गराईपाउँ भन्ने व्यहोराको आधिकारिक पत्र, कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), स्थायी लेखा नम्बर (एब्ल) र मूल्य अभिवृद्धि कर (ख्ब्त) दर्ता प्रमाणपत्र र आर्थिक वर्ष २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनसम्म विद्यालय समयभित्र सूची दर्ताका लागि निवेदन पेश गर्नु हुन अनुरोध छ। तोकिएका कागजात अपुग भएका निवेदनहरु स्वतः रद्द हुने व्यहोरासमेत यसै सूचनाममार्फत् जानकारी गराइन्छ ।

**तपसिलः**

१. कार्यालय, इलेक्ट्रिक, इलेक्ट्रोनिक सामग्री/उपकरण तथा पार्टपूर्जा आपूर्ति, मर्मत तथा जडान
२. फर्निचर तथा फर्निसिङ्गका सामग्री निर्माण तथा आपूर्ति
३. भवन, फर्निचर तथा फर्निसिङ्गका सामग्री मर्मत
४. खानेपानी धारा, ट्याङ्की, फिल्टर तथा यसका पार्टपूर्जा आपूर्ति, जडान र मर्मत
५. शौचालयका सामग्री, सरसफाइका सामग्री तथा रसायनहरु आपूर्ति तथा सेवा
६. पाठ्यपुस्तक, सन्दर्भ तथा अतिरिक्त पुस्तक/पत्रिका, स्टेशनरी, फोटोकपी पेपर आपूर्ति
७. छपाइसम्बन्धी कार्य
८. स्टिल, फलाम तथा अन्य धातुका सामग्री आपूर्ति, निर्माण र मर्मत
९. इन्टरनेट, मल्टिमिडिया, सिसीटिभी क्यामेरा सम्बन्धी सेवा, उपकरण आपूर्ति, जडान र मर्मत
१०. खेलकुद सामग्री, विज्ञान प्रयोगशाला सामग्री तथा अन्य शैक्षिक सामग्री आपूर्ति
११. विद्यालय पोशाक, अन्य कपडा सिलाई तथा आपूर्ति

**श्रीराम दहाल**
**प्रधानध्यापक**
**०५७-५२०८०२/९७६५९५५५२२**
Email: shramik.2022@gmail.com

## श्री श्रमिक माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

### कार्यालय सहयोगी आवश्यकता

*(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/०६/१० गते)*

यस विद्यालयमा रिक्त कार्यालय सहयोगी पदका लागि शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिका कार्यालय मकवानपुरको च.नं. ८६, मिति २०८१।०५।२० गतेको पत्रअनुसार विद्यालय सहयोगी कर्मचारी पदपूर्ति अनुमति प्राप्त एवम् विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०५।२० गतेको बैठकको निर्णयअनुसार प्रथमपटक प्रकाशित सूचनाअनुसार पर्याप्त आवेदन प्राप्त नभएको हुँदा दोस्रो पटक सूचना प्रकाशित गरिएको छ । तपसील बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रिक्त कार्यालय सहयोगी पदका लागि आवासीय कर्मचारी आवश्यक परेकोले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिल बमोजिम रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

**तपसिल**

पद/किसिम : कार्यालय सहयोगी (आवासीय)
आवश्यक संख्या : एक (१) जना
सेवा सुविधा : नेपाल सरकारबाट प्राप्त अनुदान अनुसार
शैक्षिक योग्यता : कक्षा ८ उत्तीर्ण
दरखास्त पेश गर्ने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन कार्यालय समय भित्र
छनौट किसिम : मौखिक/अन्तवार्ता
आवेदन दस्तुरः रु. ५००।-
सम्पर्क मिति : २०८१।०६।१६ गते

**आवश्यक कागजातहरुः**

हस्तलिखित निवेदन १ प्रति, नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति शैक्षिक योग्यताको प्रमाणपत्रहरु १/१ प्रति ।
सम्पर्क फोनः ९७६५९५५५२२, ९८४५१०७४२८
**Email: shramik.2022@gmail.com**

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौंडा- सिटि कलेज (जेनिथ मावि)
हेटौंडा-५, पिप्ले

### मकवानपुर जिल्ला लिग फुटबल

# आज सेमिफाइनल खेल हुँदै

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा आज सेमिफाइनल चरणको खेल हुँदैछ । हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा सेमिफाइनल चरणको दुबै खेल हुन लागेको हो ।

बिहीबारको पहिलो सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि सहिद स्मृति क्लब र न्यू कम्बाइन क्लबबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो सेमिफाइनल खेलमा फाइनल प्रवेशका लागि पदमपोखरी युथ क्लब र हाँडीखोला युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ । खेल दिउँसो १ बजेबाट सुरु हुनेछ ।

सोमबार भएको क्वार्टरफाइनल खेलमा न्यू कम्बाइनलाई २-१ गोलले हराउँदै एफसी पोताल सेमिफाइनलमा प्रवेश गरेको थियो । तर, खेलमा नियमविपरित एक जना खेलाडीलाई खेलाएको भन्दै कम्बाइनले पोतालाविरुद्ध उजुरी दिएको थियो । उक्त उजुरीलाई फुटबल संघले सदर गरेपछि कम्बाइन विजयी हुँदै सेमिफाइनलमा प्रवेश गरेको हो ।

यस्तै, सोमबारै भएको दोस्रो क्वार्टर फाइनल खेलमा सक्षम युवा क्लबलाई टाइब्रेकरमा हराउँदै पदमपोखरी युथ क्लब सेमिफाइनलमा प्रवेश गरेको हो । मंगलबारको पहिलो क्वार्टरफाइनल खेलमा गोर्खा ब्वाइज क्लबलाई २-० गोल अन्तरले हराउँदै सहिद स्मृति सेमिफाइनलमा प्रवेश गरेको हो भने दोस्रो खेलमा लिगको साविक विजेता न्यू डाँफे युथ क्लबलाई ३-१ गोलले हराउँदै हाँडीखोला सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । २८ क्लबहरुको सहभागितामा सुरु भएको प्रतियोगिताबाट २४ टिम बाहिरिइसकेका छन् । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

### चौथो जिल्लास्तरीय स्क्राबल च्याम्पियनसीप

# छानिए उत्कृष्ट ५ विद्यार्थी




*स्काबल च्याम्पियनसीपमा उत्कृष्ट ५ मा पर्न सफल विद्यार्थीलाई पुरस्कृत गरेपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौंडाः शब्द बनाउने प्रतिस्पर्धात्मक खेल स्काबलको जिल्लास्तरीय चौथो च्याम्पियनसीप बुधबार हेटौंडामा सम्पन्न भएको छ । स्काबल क्लब मकवानपुरको आयोजना तथा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलको प्रायोजनमा प्रतियोगिता भएको हो । प्रतियोगितामा मकवानपुर जिल्लाका २३ वटा विद्यालयबाट ४६ जना विद्यार्थी सहभागी थिए ।

सहभागी मध्ये उत्कृष्ट पाँच सहभागीलाई छनोट गरिएको छ । प्रतियोगितामा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका आरुश राजथला प्रथम, बालजागृतिकै श्रीसुम श्रेष्ठ द्वितीय हुँदा हेटौंडा-६ स्थित सुनगाभा शिक्षा निकेतनका अमोघ चौलागाई तृतीय, हेटौंडा-४ स्थित भुटनदेवी माविका प्रशान्त साह चौथो भएका छन् । मकवानपुरबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत सहभागी भइसकेका बालजागृति इंग्लिस सेकेण्डरी स्कूलका प्रसिद्ध तिमल्सिना भने स्वतः छानिएका छन् । प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गर्ने विद्यार्थीलाई ट्रफीसहित प्रमाणपत्र वितरण गरिएको छ । उत्कृष्ट पाँच खेलाडीले आगामी कात्तिक ९ गते गुल्मी जिल्लामा हुने राष्ट्रिय स्क्राबल च्याम्पियनसीपमा सहभागिता जनाउनेछन् ।

स्काबल ३ चरणमा खेलाइएको थियो । प्रत्येक चरण ४५ मिनेटको खेलाइएको स्काबल क्लब मकवानपुरका संयोजक विवश जंग थापाले जानकारी दिनुभएको छ । प्रतियोगितामा ६ वटा सामुदायिक तथा १७ वटा निजी विद्यालयका विद्यार्थी सहभागी थिए । एउटा विद्यालयबाट दुईजना विद्यार्थी सहभागी हुने व्यवस्था मिलाइएको थियो । च्याम्पियनसीपमा स्काबल क्लब नेपालका तालिम संयोजक भोजराज सुवेदी र बारा जिल्ला संयोजक सुवास अधिकारीले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

बालजागृति इंग्लिस सेकेण्डरी स्कूलको व्यवस्थापन समितिका अध्यक्ष दिनेशप्रसाद भण्डारीको अध्यक्षता तथा वडा अध्यक्ष विष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदीप गिरी, वडा सदस्य सुरज बर्तौला, ईन्द्रप्रसाद रिजाल, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का केन्द्रीय समिति उपाध्यक्ष उमेश श्रेष्ठ, जिल्ला अध्यक्ष विनोद सुवेदी, स्क्राबल क्लब मकवानपुरका संयोजक विवशजंग थापाको पनि आतिथ्य रहेको थियो ।

एकदिवसीय प्रतियोगिता आयोजनाका लागि करिब एक लाख रुपैयाँ खर्च हुने बताइएको छ । विद्यार्थीको शब्दज्ञान अभिवृद्धि हुने भएकोले पछिल्लो समय मकवानपुरका स्काबल खेलको प्रवर्द्धन भइरहेको छ । गत असारमा बालजागृति इंग्लिस स्कूलकै आयोजनामा स्काबल खेलसम्बन्धी एकदिवसीय जिल्लास्तरीय कार्यशाला समेत आयोजना गरिएको थियो ।

# श्रमिक माविलाई साना किसानको सहयोग



*सहयोग सामग्री हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले हेटौंडा-४, कर्रास्थित श्रमिक माविलाई सहयोग गरेको छ । संस्थाको सामाजिक उत्तरदायित्व कोषबाट एक लाख २५ हजार बराबरको सहयोग गरेको हो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको हेटौंडा शाखाकी प्रबन्धक कृष्ण कुमारी शर्मा र अधिकृत हरिशरण ढकाल बुधबार विद्यालयमै पुगेर सहयोग सामग्री हस्तान्तरण गर्नुभएको हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक कार्कीको अध्यक्षतामा सहयोग हस्तान्तरण कार्यक्रम भएको हो । श्रमिक माविका पूर्वविद्यार्थी निरज सिंह ठकुरीको पहलमा साना किसानले सहयोग गरेको हो ।

साना किसानले पाँच थान ऱ्याक, बालविकास कक्षाका लागि म्याट्रेस र कार्पेट, ५० थान चकटी र १० हजार रुपैयाँ बराबरको खेलौना हस्तान्तरण गरेको प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभयो । कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक गोपिरमण प्याकुरेलको पनि उपस्थिति रहेको थियो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा छ सय विद्यार्थी अध्ययनरत छन् ।

# दुर्घटनामा स्कुटर चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-४, मार्तल पुलमा मंगलबार मोटरसाइकल र स्कुटर दुर्घटना हुँदा स्कुटर चालकको मृत्यु भएको छ । मंगलबार दिउँसो २ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत रत्ननगर-४, मार्तलपुलमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना ११ प ८४८० नम्बरको मोटरसाइकल र विपरित दिशाबाट जाँदै गरेको बा प्र ०६-००२ प ९६०५ नम्बरको स्कुटर एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा परी स्कुटर चालक रत्ननगर-४ का ५५ वर्षीय निलबहादुर उप्रेतीको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । दुर्घटनामा परी टाउकोमा चोट लागेर गम्भीर अवस्थाका उप्रेतीलाई उपचारका लागि भरतपुरस्थित पुरानो मेडिकल कलेज पुर्याइएको थियो । उप्रेतीको उपचारको क्रममा मंगलबार साँझ ७ बजेर ३५ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । मोटरसाइकल चालक राप्ती नगरपालिका-६ का २७ वर्षीय सकेश चौधरीको नाक र मुखमा चोट लागेको छ । चौधरीको भण्डारा अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# पुरुष मृत भेटिए

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, कमलनगरमा एकजना मृत भेटिएका छन् । भरतपुर-३ स्थित बन्दिपुर बजारको गेटमा अन्दाजी ३० वर्षीय पुरुष मृत भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मृतकको सनाखत हुन नसकेको प्रहरीले जनाएको छ । मंगलबार दिउँसो २ बजेको समयमा मुखबाट फिँज काटिरहेको अवस्थामा उद्दार गरी भरतपुर अस्पताल लगिएको थियो । अस्पतालमा चिकित्सकले मृत घोषित गरिदिएको बताइएको छ ।

### एसईई ग्रेडवृद्धि मौका परीक्षाको नतीजा

# मकवानपुरका ३९.७६ प्रतिशत विद्यार्थी उत्तीर्ण

समाज संवाददाता

हेटौंडाः माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० को ग्रेडवृद्धि मौका परीक्षामा मकवानपुरका ३९.७६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । सोमबार प्रकाशित भएको नतिजा अनुसार मकवानपुरका ३९.७६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् ।

साधारण र प्राविधिक गरी तीन हजार तीन सय ५५ जना विद्यार्थीले परीक्षा दिएकोमा एक हजार तीन सय ३४ जना विद्यार्थी परीक्षामा उत्तीर्ण भएका छन् । साधारणतर्फ परीक्षामा सहभागी तीन हजार एक सय ७६ जना विद्यार्थी मध्ये एक हजार दुई सय ६२ जना विद्यार्थी उत्तीर्ण भएका छन् । यस्तै प्राविधिकतर्फ एक सय ७९ जना विद्यार्थीले परीक्षा दिएकोमा ७२ जना उत्तीर्ण भएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जानकारी दिएको छ ।

साधारणतर्फ ३.२ देखि ३.६ जिपिए ल्याउने एक जना, २.८ देखि ३.२ जिपिए ल्याउने एक सय ५९ जना, २.४ देखि २.८ जिपिए ल्याउने आठ सय २७ जना, २.० देखि२.४ जिपिए ल्याउने दुई सय ७० जना र २.० जिपिए ल्याउने एक जना रहेका छन् । प्राविधिकतर्फ २.८ देखि ३.२ जिपिए ल्याउने १६ जना र २.४ देखि २.८ जिपिए ल्याउने ५६ जना रहेका छन् । ग्रेडवृद्धि मौका परीक्षा साउन २३ गतेदेखि साउन ३१ गतेसम्म संचालन भएको थियो । परीक्षामा करिब ९ प्रतिशत विद्यार्थी अनुपस्थित भएका थिए ।

विद्यार्थीले परीक्षामा एनजी ल्याएको वा उपस्थित हुन नपाएको सबै विषयमा परीक्षा दिन पाउने व्यवस्था मिलाइएको थियो । गत वर्षसम्म विद्यार्थीले ग्रेडवृद्धि मौका परीक्षामा दुईवटा विषयको परीक्षा मात्र दिन पाउने व्यवस्था थियो । मकवानपुर जिल्लाबाट २०८० सालको एसईई परीक्षामा पाँच हजार नौ सय १९ जना विद्यार्थी सहभागी भएका थिए । जसमा तीन हजार सात सय ६८ जना विद्यार्थीको नतिजा एनजी आएको थियो ।

# दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको रत्ननगर नगरपालिका-९ मा ट्रक र मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ । बुधबार बिहान १ बजेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत रत्ननगरमा वीरगन्जबाट नवलपरासीतर्फ जाँदै गरेको रा १ ख ३०४८ नम्बरको ट्रक र भरतपुरबाट टाँडीतर्फ जाँदै गरेको ना ३८ प ११९१ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना भएको थियो ।

दुर्घटनामा परी मोटरसाइकल चालक नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-५ का ३४ वर्षीय राजन न्यौपानेको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । दुर्घटनामा परी मोटरसाइकल चालक न्यौपाने गम्भीर घाइते भएका थिए । घाइते न्यौपानेलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा न्यौपानेको बिहान २ बजेर १० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

ट्रक चालक दाङको तुलसीपुर उपमहानगरपालिका-११ का २४ वर्षीय बिनोद राउतलाई ईलाका प्रहरी कार्यालय टाँडीले नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाइएको प्रहरीले जनाएको छ ।

हाम्रो सुमो सेवाको नयाँ प्रस्तुती...
असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा


२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।
हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा
साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।
१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।
अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।
हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।
भेष खड्गी, सञ्चालक
हाम्रो ईभी सेवा
हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)
९८४५४-५७५०७, ९८५५०६८८७३
सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)
ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)
मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ